# परदेशीको चिठ्ठी

**साहना के.सी.**

वन वनमा विचरण गर्ने
चिरविर चिरविर गर्दै मिठास बाँड्ने
कहिले को हो ? को हो ? को आवाज
कहिले न्याउलीको न्याउ न्याउको अलाप
अनि कुनै बेला गोठ बसियो
कुनै बेला नुनको लागि भोट पसियो
तर आज मेरो मायालु गाउँ कहाँ छ ?
मेरो भोटो र कछाडको ठाउँ कहाँ छ ?
भैलो र देउसी गाउँदै गाउँमा कति डुलियो
समूहलाई बनाउने सपना कति देखियो
गरिबी हटाउने भनेर कति बोलियो
आय आर्जन गर्नुपर्छ भनेर कति भनियो
त्यस्तै विधान र वन कार्ययोजना बनाएका थियौं
भेला र बैठकमा थुप्रै कुरा गरेका थियौं
आज मलाई त्यो कुरा बिरानो बनेको छ
परदेशको हावाले निरास तुल्याएको छ
पाखामा स्याल कराउदा स्वर मिलाउँथ्यौ
दिनभरी रुँगेर बाँदर धपाउँथ्यौं
घाँसका भारीले थाप्लो दुख्दा पनि
पसिनै पसिनाले निथ्रुक्कै भिज्दा पनि
बाङ्गेचौरको रमाइलो खेलमा बिर्सिन्थ्यौं
साथीसंगीका रसिला गफमा रक्सिन्थ्यौं
सीता ! आज म परदेशमा छु
काम र मामको बन्धनमा छु
आज मलाई सम्झनै सम्झनाले सताएको छ
अतितका कुरै कुराले खुबै तर्साएको छ
एल.एफ.पि. का सरलाई सम्झना भनिदिनु
म अप्रत्यक्ष भए पनि, प्रत्यक्ष समूहमा पुग्न अनुरोध गरिदिनु ।

(के.सी. रामरेखा सा.व.उ.स. बागलुङका उपभोक्ता हुनुहुन्छ)